# महिला उद्यमशिलता विकासका विभिन्न आयामहरु

सावती र मानव अधिकार तथा ग्रामीण विकास केन्द्र, सुर्खेत द्वारा आयोजित
अभीमुखीकरण कार्यक्रम
२८ मंसिर २०७७
सुर्खेत

विश्व अर्थतन्त्रमा लघु र साना उद्योगहरूको महत्वपूर्ण भूमिका रहेका हुन्छन् । नेपाल जस्तो कम विकसित देशको सन्दर्भमा त यस्ता उद्योगहरुको भूमिका झनै महत्वपूर्ण हुन्छ । विशेष गरेर महिलाहरुलाई राष्ट्रिय अर्थतन्त्रको मूलधारमा ल्याई उनीहरूको जीवनस्तर उकासी समाज र राष्ट्रमा लैंगिक समानता कायम गर्ने दिशामा यस्ता उद्योगहरूको भूमिका अत्यन्तै सहयोगी हुने मानिन्छ । यसै सन्दर्भमा सावतीले माथिका पृष्ठभूमिहरूलाई मध्यनजर गर्दै भर्खरै विश्व व्यापार संगठनअन्तर्गतको व्यापार सुविधा सम्झौतामा भएको लैंगिक आयामको विश्लेषण गर्ने क्रममा नेपालमा महिलाद्वारा संचालित लघु, साना र मध्यम उद्योगहरूको सम्बन्धमा एउटा अध्ययन संचालन गरिरहेको छ । यो अध्ययनको मुख्य लक्ष्य भनेको महिला उद्यमीहरू संलग्न आर्थिक गतिविधिहरू विशेष गरी व्यापारको पहुँचलाई सीमित बनाउने सम्बन्धमा भएका अवरोधहरू पहिचान गरी उनिहरुको सहभागिता बढाउन कस्तो लैंगिक समावेशी उत्तरदायी व्यापार नीतिहरूको तर्जुमा गर्नुपर्दछ भन्ने सम्बन्धमा सम्वन्धित निकायलाई आवश्यक सुझाव पेश गर्ने तथा त्यस्को लागि अनुकुल वातावरण तयार गर्नका लागि वकालत गर्ने रहेको छ ।

उल्लेखित अध्ययनका क्रममा हामीले नेपालका पोखरा, काठमाडौं, वीरगन्ज, विराटनगर, झापा र इलामका विभिन्न स्थानमा सर्वेक्षण सम्पन्न गरेका थियौं । यो सर्वेक्षणले अधिकांश महिला उद्यमीहरू निर्यात प्रक्रियाहरू, फर्म रजिष्ट्रेसन आदि सम्बन्धी सहि ज्ञानको अभावले सानो व्यवसायमा नै सीमित भएको र अप्रत्यक्ष रुपमा मात्र निर्यातमा संलग्न रहेको पाइयो । यसका साथै झन्झटिलो प्रक्रिया र व्यवधानका कारण कतिपय महिला उद्यमीहरू फर्म दर्ता गर्न नै अनिच्छुक रहेको पनि देखियो । फर्म दर्ता नगरिएकै कारण वा निर्यातमा अप्रत्यक्ष रुपमा संलग्न भएकै कारणले कतिपय अवस्थामा राज्यद्वारा प्रदान गरिने सुविधा, छुट र प्रोत्साहनबाट पनि यि महिला उद्यमीहरु वञ्चित भएको पाइयो ।

यस परिप्रेक्ष्यमा अध्ययनबाट निस्केको निष्कर्षका आधारमा नेपालका लघु तथा साना तथा महिला उद्यमीहरूलाई कम्पनी र फर्मको दर्तादेखि, वस्तुको उत्पादन, गुणस्तर, बजारीकरण, निर्यात प्रक्रिया, गर्ने,आर्थिक व्यवस्थापन, लेखा प्रणाली र करहरूका दायित्व जस्ता विविध विषयमा विषय विज्ञहरुबाट जानकारी दिलाउने उद्धेश्यले यो सचेतना कार्यक्रम आयोजना गर्न लागेको हो ।